# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(........................ सचिवालय शाखा)

पत्र संख्या :- ०७५/०७६

सचिवालय/७१

चलानी नं. :-

रामशाहपथ, काठमाडौं


मिति :-२०७५।०९।२२

<u>विषयः परिपत्र ।</u>

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

प्रस्तुत विषयमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८क बमोजिमको व्यवस्थापन समितिको बैठकमा जिल्ला सरकारी वकील कार्यालयहरुबाट साविकको मुलुकी ऐनको कानूनी व्यवस्था बमोजिम सर्वश्व सहित जन्म कैदको मागदावी लिई दायर भएका मुद्दामा सम्बन्धित जिल्ला अदालतहरुबाट सर्वश्व सहित जन्म कैदको सजाय ठहर गरी सर्वश्वको सजाय कार्यान्वयन गर्नु नपर्ने वा जन्म कैदको मात्र सजाय हुने गरी फैसला भएका मुद्दाहरुको सम्बन्धमा पुनरावेदन गर्ने/नगर्ने भन्ने विषयमा छलफल हुँदा "यस प्रकृतिका विषयमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० ले सजायको प्रकारबाट "सर्वश्व" लाई हटाएको अवस्था छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा "कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरको मुद्दामा सजाय गर्नु पर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने व्यवस्था रहेको छ । उल्लिखित कानूनी व्यवस्थाका आधारमा दावी लिँदा सर्वश्व सहित जन्म कैदको दावी लिएको तर अदालतबाट मिति २०७५।५।१ गतेपछि फैसला हुँदा सर्वश्व नगरी "जन्म कैद" मात्र गर्ने गरी फैसला भएको अवस्थामा सोही ब्यहोरा जनाई मिसिल व्यवस्थापन गर्नु हुन र पुनरावेदन नगर्ने निर्णयको निकाशाका लागि फाइल नपठाउनु भनी सबै जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरुमा परिपत्र गर्ने" भन्ने निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन मिति २०७५/०९/१७ को निर्णयानुसार अनुरोध छ ।

२०७५।९।२२

.................................

(ज्ञानप्रसाद भुसाल)

उपन्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np